# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ७, संख्याः २३, माघ ११ गते, २०८० साल

व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।


# भाग २

## व्यास नगरपालिका शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।८।७

**प्रस्तावना** : व्यास नगरपालिका र छिमेकी पालिकाहरूमा समेत चिस्यान केन्द्रको अभाव हुँदा विभिन्न प्रकारका कृषिजन्य उत्पादनहरू पछिल्लो समयमा कुहिने, बिग्रने तथा भण्डारण गर्न टाढासम्म लैजानुपर्ने बाध्यताका कारण कृषकहरुलाई निरन्तर रुपमा मार परिरहेको अवस्थामा उत्पादनको उच्च मूल्य प्राप्त गर्ने अवसर प्रदान गर्दै कृषकहरूको न्यूनत्तम बचत सुनिश्चित हुने वातावरण निर्माणमा टेवा पुऱ्याउन गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको लागत साझेदारीमा निर्माण सम्पन्न भएको शीत भण्डार सञ्चालन तथा व्यवस्थापनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिका कार्यपालिकाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले "व्यास नगरपालिका शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०" सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले व्यास नगरपालिकाको शीत भण्डार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनु पर्छ ।

(घ) "कृषिजन्य वस्तु" भन्नाले भण्डारणका लागि विशेष संरचना आवश्यक पर्ने नाशवान् कृषिजन्य उपज जस्तै आलु, तरकारी, फलफूल, पुष्प, दुध, माछा, मासु, आदि सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(च) "नगर कार्यपालिका" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(छ) "नीजि संस्था" भन्नाले व्यवसायिक रुपमा कृषि पेशालाई प्रवर्द्धन गर्ने उद्देश्यले नियमानुसार सम्बन्धित निकायमा दर्ता भएको निजी फर्म, उद्यम वा कम्पनीलाई सम्झनु पर्छ ।

(ज) "भौतिक पूर्वाधार" भन्नाले शीत भण्डारका लागि आवश्यक पूर्वाधार (भवन, बिजुली, पानी, सडक, आदि) तथा मेशिनरी औजारहरू सम्झनु पर्छ ।

(झ) "शाखा" भन्नाले कृषि, पशुपन्छी तथा सहकारी विकास शाखा सम्झनु पर्छ ।

(ञ) "शीत भण्डार" भन्नाले विभिन्न कृषि उपजहरुको सुरक्षित भण्डारणको लागि चिस्यान सुविधा भएको एक वा धेरै च्याम्बर भएको संरचना (कोल्ड स्टोर) सम्झनु पर्छ ।

(ट) "समूह/समिति" भन्नाले व्यवसायिक रुपमा कृषि पेशालाई प्रवर्द्धन गर्ने उद्देश्यले नियमानुसार सम्बन्धित निकायमा दर्ता भएको समूह/समितिलाई सम्झनु पर्छ ।

(ठ) "सहकारी" भन्नाले सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ बमोजिम सम्बन्धित कार्यालयमा दर्ता भएको संस्था सम्झनु पर्छ ।

## परिच्छेद २
## उद्देश्य

३. **यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहनेछ :**

(क) शीत भण्डार सञ्चालन मार्फत स्थानीय स्तरमा उत्पादित कृषि उपजहरूको लागि पर्याप्त भण्डारण सुविधा उपलब्ध गराई कृषि उपजहरूको उत्पादनोपरान्त क्षति न्यूनीकरण गर्ने ।

(ख) कृषि उपजको लामो समयसम्म गुणस्तर प्रवर्द्धन गर्न र मूल्य अभिवृद्धि सहित बजारको माग अनुसार आवश्यक परिमाण उपलब्ध गराउने र उचित मूल्य व्यवस्थापनमा सहजता गराउने ।

(ग) कृषि उपज भण्डारण सुविधाको विकास मार्फत व्यास नगरपालिका लगायत आसपासका क्षेत्रहरूको कृषकहरूले लगाउने लक्षित बालीवस्तुको थप उत्पादनका लागि प्रोत्साहन गर्ने ।

(घ) व्यावसायिक तथा निर्यातमूलक कृषि उत्पादन प्रवर्द्धनका लागि आवश्यक भण्डारण सुविधा उपलब्ध गराउने ।

(ङ) शीत भण्डार सञ्चालन पश्चात् कृषि उपज भण्डारण गरि आयात प्रतिस्थापनमा सहयोग पुर्‍याउने ।

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन प्रकृया तथा संस्थागत व्यवस्था

४. **सूचना प्रकाशन** : यस शीत भण्डार सञ्चालनका लागि व्यास नगरपालिका भित्रका कृषक समूह, कृषि  सहकारी, उपभोक्ता समिति तथा नीजि क्षेत्रलाई लक्षित गरि कार्ययोजनासहित प्रस्तावना पेश गर्न अनुसूची १ बमोजिमको १५ दिने सूचना प्रकाशन गरिने छ ।

५. **प्रस्ताव आवेदन** : (१) शीत भण्डार कार्यक्रम सञ्चालनको लागि आवेदकले अनुसूची १ मा तोकिए बमोजिमको कागजातसहित अनुसूची २ अनुसारको ढाँचामा आवेदन, अनुसूची ३ अनुसारको प्रस्ताव पेश र अनुसूची ५ अनुसारको प्रतिवद्धता पत्र पेश गर्नु पर्नेछ ।

६. **मूल्याङ्कन तथा अनुगमन समिति** : (१) प्रस्ताव मूल्याङ्कन गरी कार्यपालिका बैठक समक्ष स्वीकृतिका लागि सिफारिस गर्न नगरपालिकामा देहाय बमोजिमको मूल्याङ्कन समिति हुनेछ :

| | |
|---|---|
| (क) उपप्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) आर्थिक विकास समिति संयोजक | सदस्य |
| (घ) उद्योग, पर्यटन तथा श्रम रोजगार शाखा प्रमुख | सदस्य |
| (ङ) योजना तथा पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (च) राजश्व शाखा प्रमुख | सदस्य |
| (छ) कृषि, पशुपन्छी तथा सहकारी विकास शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार बढीमा तीन जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आवेदकहरुबाट प्राप्त प्रस्तावकहरूलाई अनुसूची २ बमोजिमको आवेदनको मूल्याङ्कन र अनुसूची ३ बमोजिमका प्रस्तावको आधारमा मूल्याङ्कन गरी छनौटको लागि सिफारिस गर्ने । यसरी छनौट गर्दा अनुसूची ३ बमोजिम छनौट भएका प्रस्तावकलाई मात्र अनुसूची ७ बमोजिमको छनोटको आधारहरूबाट पुनः छनौट गरिने छ,

(ख) आवश्यकता अनुसार प्रस्तावित कार्यक्रमको स्थलगत निरीक्षण गर्ने,

(ग) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी सिफारिस सहित कार्यपालिका समक्ष स्वीकृतिका लागि पेश गरिने छ ।

७. **प्रतिवेदन** : सञ्चालकले शीत भण्डारमा सञ्चय गरिराखेको उपज सम्बन्धी विवरण (सञ्चय गरेको कृषि उपज, कृषकको विवरण, भाडा, परिमाण आदि) सञ्चय गरिने अवधिमा मासिक रुपमा स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

८. **अनुगमन तथा मूल्याङ्कन** : यस कार्यविधि अनुसारको शीत भण्डार सञ्चालन अनुगमन तथा मूल्याङ्कनको कार्य मूल्याङ्कन समितिबाट हुनेछ । यसरी गरिएको अनुगमन र मूल्याङ्कन प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

९. **सम्झौताका शर्त एवं अवस्थाहरु (Terms and Conditions)** : यस व्यास नगरपालिका र शीत भण्डार सञ्चालन गर्ने संस्था/निकाय बीचको द्विपक्षीय सम्झौता अनुसूची ६ बमोजिम हुनेछ । शीतभण्डार सञ्चालन स्थलमा अनुसूची ७ बमोजिमको ढाँचामा होडिङ बोर्ड राख्नु पर्नेछ ।

१०. **कार्यविधि लागू हुने स्थानहरू :** यो कार्यविधि नगरपालिका भित्र लागू हुनेछ । स्वीकृत कार्यक्रमको लक्ष्य अनुसार सम्भाव्यताका आधारमा यसै नगरपालिका भित्रका साझेदार संस्थाहरुसँग शीत भण्डार सञ्चालन तथा व्यवस्थापन सम्झौता गर्न सकिनेछ ।

११. **शीत भण्डार सञ्चालनको दायित्व :** कुनै संस्थाले शीत भण्डार सञ्चालनको प्रस्ताव नराखेमा वा बिचमै सम्झौता पालना नगरेमा शीत भण्डार सञ्चालनको दायित्व नगरपालिकाले लिनेछ ।

१२. **धरौटी रकम जम्मा गर्नु पर्ने :** शित भण्डार संचालन गर्न जिम्मेवारी प्राप्त समुह,सहकारी तथा निजी फर्मले समितिले तोके बमोजिमको धरौटी रकम जम्मा गर्नु पर्नेछ ।

१३ **मर्मत संभार** : शित भण्डार सञ्चालनको क्रममा मर्मत सम्भार सम्बन्धी आवश्यक कार्य तथा जिम्मेवारी सम्झौता बमोजिम हुनेछ ।

१४. **जनशक्ति व्यवस्थापन :** शित भण्डार सञ्चालन गर्ने समूह सहकारी तथा निजी फर्मले शित भण्डार संचालनका लागी दक्ष र तालिम प्राप्त जनशक्ति व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद ४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१५. **शीत भण्डारणमा लाग्ने शुल्क :** कृषिजन्य उत्पादन शीत भण्डारमा राखे वापत कृषकहरुले तिर्नु पर्ने सेवा शुल्क मूल्याङ्कन समितिको प्रस्ताव अनुसार नगर कार्यपालिकाले निर्धारण गर्नेछ ।

१६. **जिम्मेवारी तथा क्षतिपूर्तिको व्यवस्था :** शीत भण्डारमा कृषिजन्य उत्पादनहरु भण्डारण गरे पछि कृषकले फिर्ता नलगेसम्म सो को जिम्मेवारी शीत भण्डार सञ्चालन गर्ने संस्था/निकायको हुनेछ । सो समयमा कुनै कारणबश क्षति हुन गएमा सञ्चालकले प्रचलित कानुन बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ । शीत भण्डार सञ्चालकले चिस्यान केन्द्रमा भण्डारण गरिएको कृषिजन्य वस्तुहरुको बिमा गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ५
## विविध

१७. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. **अन्तिम ब्याख्या** : यस कार्यविधिमा द्विविधा उत्पन्न भएमा स्थानीय तहले गरेको ब्याख्या अन्तिम हुनेछ ।

१९. **कारबाहीको व्यवस्था :** शीत भण्डार सञ्चालनको जिम्मेवारी पाएको निकाय वा व्यक्तिले कुनै किसिमको लापरवाही गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२०. **संशोधन र खारेजी :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आइ परेमा नगरपालिकाको कार्यपालिका बैठकबाट संशोधन र खारेज गर्न सकिनेछ ।

अनुसूची १
(दफा ४ सँग सम्बन्धित)
सूचनाको ढाँचा
सूचना प्रकाशीत मिति :

यस नगरपालिकाद्वारा निर्माण सम्पन्न भएको शीत भण्डार "व्यास नगरपालिका शीत भण्डार (Cold Store) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" बमोजिम सञ्चालन गर्न ईच्छुक व्यास नगरपालिका भित्रका कृषक समूह/सहकारी/उपभोक्ता समिति/फर्महरूले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात (मिति २०... /... /.... गते भित्र) तपशिल बमोजिमका कागजातहरू सहित यस कार्यालयमा तोकिएको ढाँचा (अनुसूची २) अनुसार आवेदन दर्ता गर्न हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपशिल

१. संस्था नवीकरण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. संस्था दर्ताको प्रमाणपत्र तथा भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. सञ्चालक समितिको बैठक निर्णय पुस्तिकाको प्रतिलिपि ।
४. शीत भण्डारण सञ्चालन गर्ने आवेदक संस्थाले कम्तिमा ३ र बढीमा ६ वर्ष सञ्चालन गर्ने गरी प्रतिवद्धता पत्र पेश गर्नु पर्ने ।
५. आधिकारिक मान्यता प्राप्त प्राविधिकबाट सञ्चालन गर्ने गरी शीत भण्डारणलाई आवश्यक तापक्रम मिलाएर कायम राख्न सक्ने प्राविधिक प्रतिवेदन ।
६. आवेदक संस्थाको वित्तीय अवस्था अध्ययन गर्न, शीत भण्डार सञ्चालन गरिने संस्थाको नाममा बैंक मौज्दातको स्टेटमेन्ट वा अन्य प्रमाण ।
७. सेवा प्रदान गर्ने क्षेत्रका कृषि उपज उत्पादक कृषकहरू तथा कृषि उपज उत्पादन संस्थासँग शीत भण्डारणबाट दिने सेवा सम्बन्धी सम्झौता तथा शर्तहरु ।
८. सञ्चालक समिति/समूहको पदाधिकारीहरूको नागरिकताको प्रतिलिपि ।

अनुसूची २

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

आवेदन फारम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ ।

विषय : शीत भण्डार सञ्चालनका लागि आवेदन पेश गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा त्यस नगरपालिकाबाट मिति .............. मा प्रकाशित सूचना अनुसार .................................. समूह/सहकारी/समिति/कृषि फर्मले "व्यास नगरपालिका शीत भण्डार (Cold Store) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" अनुसार शीत भण्डारण सञ्चालनका लागि आवश्यक प्रस्ताव/योजना सहित अन्य आवश्यक कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरेका छौं । यस आवेदन साथ संलग्न कागजात तथा प्रस्तावनाहरू जानेबुझेसम्म ठिक छ । यदि झुठो ठहरिएमा आवेदन खारेज गरी सो अनुसार कारवाही भएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक
प्रस्तावक संस्थाको नाम :
ठेगाना :
सम्पर्क व्यक्तिको नाम थर :
सम्पर्क नं. :
दस्तखत :

संलग्न कागजातहरू

१. संस्था नवीकरण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. संस्था दर्ताको प्रमाण पत्र तथा भ्याट/प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. सञ्चालक समितिको बैठक निर्णय पुस्तिकाको प्रतिलिपि ।
४. शीत भण्डारण सञ्चालन गर्ने आवेदक संस्थाले कम्तिमा ३ र बढीमा ६ वर्ष सञ्चालन गर्ने गरि प्रतिवद्धता पत्र पेश गर्नु पर्ने ।
५. आधिकारिक मान्यता प्राप्त प्राविधिकबाट सञ्चालन गर्ने गरी शीत भण्डारणलाई आवश्यक तापक्रम मिलाएर कायम राख्न सक्ने प्राविधिक प्रतिवेदन ।
६. आवेदक संस्थाको वित्तीय अवस्था अध्ययन गर्न, शीत भण्डार सञ्चालन गरिने संस्थाको नाममा बैंक मौज्दातको स्टेटमेन्ट वा अन्य प्रमाण ।
७. सेवा प्रदान गर्ने क्षेत्रका कृषि उपज उत्पादक कृषकहरू तथा कृषि उपज उत्पादन संस्थासँग शीत भण्डारणबाट दिने सेवा सम्बन्धी सम्झौता तथा शर्तहरू ।
८. सञ्चालक समिति/समूहको पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि ।

अनुसूची ३

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

शीत भण्डार सञ्चालन प्रस्ताव

पेश गर्ने संस्थाको नाम : ..............................

ठेगाना : ..................................................

१. प्रस्तावक संस्थाको विवरण

<table>
<tr><td>सि.नं.</td><td colspan="2">विवरण</td><td colspan="7"></td></tr>
<tr><td>१.१</td><td colspan="2">आवेदक संस्थाको नाम</td><td colspan="7"></td></tr>
<tr><td>१.२</td><td colspan="2">ठेगाना</td><td colspan="7">जिल्ला :<br>न.पा. :<br>वडा नं. :<br>स्थान:</td></tr>
<tr><td>१.३</td><td colspan="2">आवेदक संस्थाको स्थापना</td><td colspan="7">दर्ता नं.<br>दर्ता वर्ष :<br>दर्ता गर्ने निकाय :</td></tr>
<tr><td>१.४</td><td colspan="2">मु.अ.कर स्थायी लेखा नं.</td><td colspan="7"></td></tr>
<tr><td>१.५</td><td colspan="2">बैंक खाता विवरण</td><td colspan="7"></td></tr>
<tr><td>१.६</td><td colspan="2">आवेदनको किसिम</td><td colspan="7">समूह/सहकारी/निजी फर्म/उपभोक्ता समिति</td></tr>
<tr><td>१.७</td><td colspan="2">वर्तमानमा आवेदक संस्थाका के कस्ता गतिविधिहरु सचालित छन् ।</td><td colspan="7"></td></tr>
<tr><td>१.८</td><td colspan="2">अन्य</td><td colspan="7"></td></tr>
<tr><td>१.९</td><td colspan="2">जिम्मेवार व्यक्ति</td><td colspan="7"></td></tr>
<tr><td></td><td colspan="2">नाम</td><td colspan="7"></td></tr>
<tr><td></td><td colspan="2">पद</td><td colspan="7"></td></tr>
<tr><td></td><td colspan="2">सम्पर्क नम्बर</td><td colspan="7"></td></tr>
<tr><td>१.१०</td><td colspan="2">संस्थाको सदस्य विवरण:</td><td colspan="7"></td></tr>
<tr><td rowspan="2">जम्मा सदस्य</td><td rowspan="2">पुरुष सदस्य</td><td rowspan="2">महिला सदस्य</td><td colspan="2">दलित</td><td colspan="2">जनजाति</td><td colspan="2">अन्य</td></tr>
<tr><td>पुरुष</td><td>महिला</td><td>पुरुष</td><td>महिला</td><td>पुरुष</td><td>महिला</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

२. प्रस्तावक संस्थाको उद्देश्य :

*
*
*
*
*
*
*

३. प्रस्तावक संस्थाको अनुभव र हालको अवस्था:

| सि.नं. | कार्यान्वयन भएका योजना | समय .... देखि ..... सम्म | लक्षित समूह | वित्तीय सहयोग गर्ने निकाय | हालको अवस्था ( सम्पन्न/ काम हुँदै असफल) | मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

४. कार्ययोजना (कृषि उपज भण्डारण लक्ष्य)

| सि.नं. | कृषि उपज विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

५. शीत भण्डार सञ्चालनबाट दिइने सेवा र सेवा शुल्क विवरण

| उत्पादन स्थलहरु | कृषक फर्म/समूह/सहकारी वस्तुहरु | वस्तुहरु | भण्डारण शुल्क (प्रति के.जी./क्विन्टल) | भण्डारण समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

६. प्रस्तावक संस्थाको अपेक्षित लागत (यो कार्यक्रम सञ्चालन गर्न लाग्ने खर्च विवरण) :

(क) चालु खर्च :

(ख) पूँजीगत खर्च :

७. प्रस्तावित संस्थासम्म पुग्न सकिने नक्शा :

## अनुसूची ४

(दफा ६ को उपदफा ३ (क) सँग सम्बन्धित)

मूल्याङ्कनका आधारहरुः

| सि.नं. | मूल्याङ्कनका आधारहरु | अंकभार | कैफियत |
|---|---|---|---|
| १. | संस्थाको कार्य क्षेत्र | १० | |
| | जिल्ला भित्रका उत्पादनलाई भण्डारण सेवा दिने | १० | |
| | स्थानीय तहभित्रका उत्पादनलाई मात्र भण्डारण सेवा दिने | ६ | |
| २. | अनुभव तथा क्षमता | ५ | |
| | आवेदकको ४ वर्षभन्दा माथिको अनुभव भएको | ५ | |
| | आवेदकको ४ वर्षभन्दा कमको अनुभव भएको | ३ | |
| ३. | साधारण सभा तथा लेखापरीक्षण | ५ | |
| | नियमित साधारण सभा तथा लेखापरीक्षण हुने गरेको | ५ | |
| | नियमित साधारण सभा तथा लेखापरीक्षण हुने नगरेको | ३ | |
| ४. | शीत भण्डार सञ्चालनका आवश्यक प्राविधिक ज्ञान | ५ | |
| | शीत भण्डार सञ्चालनका आवश्यक प्राविधिक ज्ञान भएको | ५ | |
| | शीत भण्डार सञ्चालनका आवश्यक प्राविधिक ज्ञान नभएको | ३ | |
| ५. | शीत भण्डार सञ्चालन सम्बन्धी आवश्यक तालिम | २ | |
| | शीत भण्डार सञ्चालन सम्बन्धि आवश्यक तालिम लिएका. | २ | |
| | शीत भण्डार सञ्चालन सम्बन्धि आवश्यक तालिम नलिएको | ० | |
| ६. | शीत भण्डार सञ्चालनका लागि आवश्यक (प्राविधिक) मानव संशाधन | ५ | |
| | शीत भण्डार सञ्चालनका लागि आवश्यक (प्राविधिक) मानव स्रोत पर्याप्त रहेको | ५ | |
| | शीत भण्डार सञ्चालनका लागि आवश्यक (प्राविधिक) मानव स्रोत पर्याप्त नरहेको | ३ | |
| ७. | कृषि उपज बजार व्यवस्थापनमा अनुभव (संकलन केन्द्र सञ्चालन) | ३ | |
| | कृषि उपज बजार व्यवस्थापनमा अनुभव भएको | ३ | |
| | कृषि उपज बजार व्यवस्थापनमा अनुभव नभएको | १ | |
| ८. | आवेदक संस्थाको आर्थिक अवस्था | १० | |
| | आवेदक संस्थाको लगानीको लागि बैंक मौज्दात रहेको | १० | |
| | आवेदक संस्थाको लगानीको लागि ऋण लिनुपर्ने अवस्था रहेको/बैंक मौज्दात नरहेको | ६ | |
| ९. | रोजगारीको अवस्था थप सिर्जना गर्न सक्ने | ५ | |
| | रोजगारीको अवस्था थप सिर्जना गर्न सक्ने | ५ | |
| | रोजगारीको अवस्था थप सिर्जना गर्न नसक्ने | ३ | |
| १०. | कृषिजन्य उत्पादन प्रवर्धन कार्यक्रम सञ्चालनमा अनुभव/लगानी गरेको | ५ | |
| | कृषिजन्य उत्पादन प्रवर्धन कार्यक्रम सञ्चालनमा अनुभव/लगानी गरेको | ५ | |

| | | | |
|---|---|---|---|
| | कृषिजन्य उत्पादन प्रवर्धन कार्यक्रम सञ्चालनमा अनुभव/लगानी नगरेको | ३ | |
| ११. | अपेक्षित दिगोपना/नतिजा | ५ | |
| | राम्रो | ५ | |
| | सामान्य | ३ | |
| | नराम्रो | १ | |
| | जम्मा | ६० | |

अनुसूची ५
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
प्रतिबद्धता पत्र

................................... को मिति ........................... सूचना अनुसार शीत भण्डार सञ्चालन कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितका आवेदन पेश गरेको छु/छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु/छौं र ..... वर्ष निरन्तरता दिनेछु/छौं । कार्ययोजना अनुसारको कार्ययोजना नगरेमा वा ........... वर्ष अगावै सो कार्यहरू बन्द गरेमा नियम अनुसारको कारवाही सहने व्यहोरा प्रतिबद्धता गर्दछु/छौ । अन्यथा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावारणलाई नकारात्मक असर नगराउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्दछु/छौं ।

शीत भण्डार सञ्चालकको तर्फबाट

नाम :

पद :

संस्थाको नाम :

ठेगाना :

सम्पर्क नं. :

दस्तखत :

मिति :

छाप :

| दायाँ | दायाँ |
|---|---|
| | |

अनुसूची ६
(दफा ९ सँग सम्बन्धित)
द्विपक्षीय सम्झौता पत्र

यो सम्झौता पत्र मिति ........ साल ...... महिनाको ..... गते व्यास नगरपालिका (यस पछि प्रथम पक्ष भनिने) र "..................................................................." (यस पछि दोस्रो पक्ष भनिने बीच शीत भण्डार सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका शर्तहरू पालना गर्ने गरी सम्झौता गरिएको छ । यो सम्झौता दुवै पक्षबाट हस्ताक्षर भएको मितिदेखि लागु हुनेछ ।

१. सम्झौता गरिने संस्थाको विवरण :
   - संस्थाको नाम:
   - संस्थाको ठेगाना :
   - सम्पर्क व्यक्तिको नाम थर:
   - सम्पर्क व्यक्तिको फोन नं. :

२. कार्यक्रम सञ्चालनको विवरण :
   - शीत भण्डारण सञ्चालन गर्नु पर्ने मिति :
   - शुल्क (भाडा दर) लिन पाउने प्रति के.जि. ⁄ क्विन्टेल :
   - सम्झौता अवधि :
   - विशेष परिस्थितिमा सामान्यतया दुवै पक्षको समझदारीमा लिखित सहमतिको परिशिष्ट सहित यो सम्झौताको अवधि थप घट हुन सक्नेछ ।

सम्झौताका शर्त एवं अवस्थाहरू (Terms and Conditions)

१. दोस्रो पक्षले सम्झौता भएको दिनबाट १० दिनभित्र सम्पूर्ण लाभान्वित कृषक तथा समुदाय र अन्य सरोकारवालाहरूले देख्ने गरी कार्यविधिमा उल्लेख गरिएको ढाँचामा होर्डिङ्ग बोर्ड तयार गरी राख्नु पर्नेछ ।
२. शीत भण्डारको अत्यावश्यक मर्मत अथवा केही अन्य काम गर्दा गराउँदा नगरपालिकालाई जानकारी गराई प्राविधिक मूल्याङ्कन टिमको परामर्श लिएर मात्र गर्न पाउनेछ ।
३. शीत भण्डारमा कुनै किसिमको जटिल तथा ठूलो मर्मत सम्भार गर्नु पर्नेमा बाहेक सामान्य मर्मत सम्भारको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।
४. शीत भण्डारमा कृषि उपज भण्डारण शुल्क महशुल तोकिएको दरमा मात्र लिन पाइनेछ । दोस्रो पक्षले प्रथम पक्षको पूर्व लिखित स्वीकृति बिना तोकिएको सीमाभन्दा बाहिर शूल्क ⁄ भाडा लिन पाउने छैन ।
५. दोस्रो पक्षले सम्झौता अनुसारको क्रियाकलापहरू आफैले नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टामा कार्यक्रम दिन पाइने छैन ।
६. शीत भण्डार सञ्चालन अवधिमा वा दोस्रो पक्षले प्रथम पक्ष वा प्रथम पक्षले तोकेको निकाय वा व्यक्तिलाई प्रथम पक्षको आवश्कयता अनुरुप शीत भण्डार तथा कृषि उपज निर्वाध रुपमा निरीक्षण गर्न दिनु पर्नेछ ।
७. दोस्रो पक्षले शीत भण्डारमा लाग्ने भण्डारण शुल्क कृषि उपज राख्ने बेलामा वा निकासी गर्ने बेलामा दुवै अवस्थामा (जुन अवस्थामा) पनि लिन सक्नेछ । भण्डारण भाडा शुल्क लिंदा बिल ⁄ बिजक अनिवार्य दिनु पर्नेछ । कृषि उपज भण्डारण गर्दा कृषकलाई भण्डारण गरिएको परिमाणको एकिन गरी रसिद उपलब्ध गराउनु पर्नेछ ।

८. शीत भण्डार सञ्चालनको क्रममा विद्युतीय उपकरण वा र्‍याकसञ्चालन (चेम्बर) परिवर्तन हुन सक्ने जायज कारणहरु भएमा प्रथम पक्षलाई समयमै लिखित जानकारी गराउनु पर्नेछ । कुनै महत्वपूर्ण परिवर्तन हुने सक्ने अवस्थामा प्रथम पक्षको स्वीकृति अनिवार्य लिनु पर्नेछ ।

९. शीत भण्डार सञ्चालन गरिने संरचनाहरु प्रचलित नियम कानुन र स्थानीय निकायको मापदण्ड अनुसार शीत भण्डार सञ्चालन गर्ने पूर्ण जिम्मेवारी दोस्रो पक्षको रहनेछ । प्रथम पक्षले उक्त कार्यको अनुगमन गर्ने र मापदण्ड विपरीत भएको पाइएमा शीत भण्डार सञ्चालन सम्झौता भंग गर्ने अधिकार प्रथम पक्षलाई रहनेछ ।

१०. यस सम्झौता अनुसार सहमति भएको क्रियाकलापहरूमा कुनै संशोधन गर्नु परेमा दुवै पक्षहरूको सहमतिमा गरिनेछ ।

११. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमिजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागु हुनेछ ।

१२. शित भण्डार सञ्चालन गर्दा लाग्ने विद्युत महशुल, सुरक्षा लगायतका कार्यमा हुने खर्च व्यवस्थापन दोस्रो पक्षले गर्नु पर्नेछ ।

| प्रथम पक्षको तर्फबाट आधिकारीक हस्ताक्षर | दोस्रो पक्षको तर्फबाट आधिकारीक हस्ताक्षर |
| --- | --- |
| नाम :<br>पद :<br>मिति :<br>हस्ताक्षर :<br>छाप : | नाम :<br>पद :<br>मिति :<br>हस्ताक्षर :<br>छाप : |
| **साक्षी** | **साक्षी** |
| **साक्षी १**<br>नाम :<br>पद :<br>मिति :<br>हस्ताक्षर :<br><br>**साक्षी २**<br>नाम :<br>पद :<br>मिति :<br>हस्ताक्षर : | **साक्षी १**<br>नाम :<br>पद :<br>मिति :<br>हस्ताक्षर :<br><br>**साक्षी २**<br>नाम :<br>पद :<br>मिति :<br>हस्ताक्षर : |

## अनुसूची ७
## (दफा ९ सँग सम्बन्धित)
## शीत भण्डार सञ्चालन स्थलमा राखिने होर्डिङ बोर्डको नमूना

<table>
<tr><td colspan="2" align="center">व्यास नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>दमौली, तनहुँ<br>गण्डकी प्रदेश, नेपाल<br><br>....................... शीत भण्डार<br>.................. व्यास नगरपालिका-११<br>स्थापना</td></tr>
<tr><td>शीत भण्डारको नाम</td><td></td></tr>
<tr><td>सञ्चालन गर्ने संस्थाको नाम</td><td></td></tr>
<tr><td>ठेगाना</td><td></td></tr>
<tr><td>शीत भण्डारको क्षमता</td><td></td></tr>
<tr><td>भण्डारण गरिने कृषिजन्य उपजहरू</td><td>प्रति बोरा शुल्क रू.</td></tr>
<tr><td>सम्पर्क व्यक्ति</td><td>नाम :<br>पद :<br>सम्पर्क नं. :</td></tr>
</table>

आज्ञाले
गंगालाल सुवेबी
प्रमुख प्रशासकीय अधिकृत